जेष्ठ ८, २०७७

# दैनिक गतिविधि

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

फ्याक्स: ०६१-५२०३३० फोन नं. ०६१-५२०३९०
टोल फ्री न. १०९२ PHEOC: ०६१-५२४०७४



गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू तथा सामाजिक विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको प्रमुख उपस्थिति, गण्डकी प्रदेश सरकारका प्रमुख सचिवज्यु, विभिन्न मन्त्रालयका सचिवज्युहरुको विशेष उपस्थितिमा स्वास्थ्य निर्देशनालयका निर्देशक ज्यू, स्वास्थ्य तालिम केन्द्र तथा प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रका निर्देशकज्यू, सामाजिक विकाश मन्त्रालयका विभिन्न महाशाखा प्रमुखज्युहरु सहित गण्डकी प्रदेशको आगामी PCR परीक्षणको योजनाका बारेमा महत्वपूर्ण छलफल सम्पन्न भएको छ।





स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्माज्यू, सामाजिक विकास मन्त्रालय, नीति, कानुन, मापदण्ड योजना तथा जनस्वास्थ्य महाशाखा प्रमुख शम्भु ज्ञवालीज्यू र अस्पताल विकास महाशाखा प्रमुख डा. रामबहादुर के.सी र विश्व स्वास्थ्य संगठनका डा. दिपेन्द्र गौतम, डा. सुवास न्यौपाने, डा. राजीव लालचनबीचको भेटघाटमा कोभिड-१९ Case Investigation र Contact Tracing को महत्व र त्यसको पूर्वतयारी तथा स्थानीय तहमा गठन गरिने CICT टीमको बारेमा छलफल भएको थियो ।



आज विश्व स्वास्थ्य संगठनको प्राविधिक सहयोगमा इपिडीमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको आयोजनामा केश अनुसन्धान र कन्ट्रयाक्ट ट्रेसिंग सम्बन्धी भर्चुअल अभिमुखीकरण कार्यक्रममा स्वास्थ्य निर्देशनालयबाट निर्देशकज्यू, सामाजिक विकास मन्त्रालयबाट महाशाखा प्रमुख शम्भु ज्ञवालीज्यू, निर्देशनालयबाट नवराज शर्मा, लक्ष्मण बसौला र दिवाकर शर्माज्यू, विश्व स्वास्थ्य संगठनका भानु यांग्देन, डा. राजीव लालचन, डा. दिपेन्द्र गौतम, डा. सुवास न्यौपाने, डा. नन्दलाल सिकर्मी, शंकर अधिकारी, सुबोध लामिछाने, किरण घिमिरे र स्वर्णिम लिम्बुको सहभागिता रहेको थियो । कार्यक्रममा GO.Data सफ्टवेयर सम्बन्धी प्रशिक्षण समेत भएको थियो ।




हब तथा सेटेलाईट अस्पतालमा काम गर्ने प्रयोगशालाकर्मीहरुलाई प्रयोगशाला सम्बन्धी क्षमता अभिबृद्धि गर्नका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको आयोजनामा मिति २०७७ जेष्ठ ०८ गते पर्वत र बाग्लुङ जिल्लामा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो ।

**साबुन पानीले हात मिचीमिची धोऔं ।**

**मास्क र स्यानीटाईजरको प्रयोग गरौं ।**

नवराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशनालय, पोखरा

घरमै बसौं, सुरक्षित रहौं

हेलो डाक्टर १०९२